काजिप्रकादनं ४२/०६६/६७ आर्थिक राष्ट्रिय दैनिक

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**पाँचखाल, काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

## विपन्न समुदायको क्षमता विकास कार्यक्रमको लागि आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथक पटक प्रकाशित २०८०/१२/२९**

आर्थिक बर्ष २०८०/०८१ को बार्षिक कार्यक्रम अनुसार विपन्नव समुदायको क्षमता विकास कार्यक्रम (Capacity Development program for Disadvantage Communities) अर्न्तगत यस पाँचखाल नगरपालिका भित्र बिभिन्न १४ प्रकारका सीप विकास तथा क्षमता विकास सम्बन्धी तालिम र प्रबिधि हस्तान्तरण सम्बन्धी कार्यक्रम कार्यान्वायन गर्न प्रारम्भिक छनौट सूचिमा सूचिकृत भएका तपशिल बमोजिमका व्यवसाय सेवा प्रदायक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची १ बमोजिमको ढाँचामा प्राबिधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा शिलबन्दी गरि लाहाछाप लगाई पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै, रीत नपुगेका, म्याद नाघि पेश भई आएका प्रस्तावहरु मुल्याङ्कनका लागि समाबेश नहुने कुरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । प्रस्ताव सम्बन्धी विस्तृत कार्यक्षेत्रगत शर्त, (Term of Reference) प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा (अनुसुची) को लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न वा यस नगरपालिकाको Web-site: http://panchkhalmun.gov.np मार्फत पनि प्राप्त गर्न सकिने जानकारी गराईन्छ । प्रस्ताव पेश गर्ने अन्तिम मितिमा सार्वजानिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समयभित्र पेश गर्नु पर्नेछ । साथै, सेवा प्रदायक संस्थाहरुबाट पेश हुन आएका प्रस्तावहरु दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट वा सो दिन सार्वजानिक बिदा परेमा कार्यालय खुलेको दिनको ठीक १४:०० बजे सम्बन्धीत संस्था/ कम्पनी/फर्महरुका आधिकारिक प्रतिनिधीहरुको रोहबरमा यस कार्यालयमा खोलिने व्यहोरा जानकारी गराईन्छ । तर बोलपत्रदाताहरु वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा नपर्ने वेहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल**

1. Sustainable Enterprise Development Center, Banepa Kavre
2. Human and nature conservation Nepal, Tarkeshwor 10
3. LB Modern Electronic Institute Pvt.Ltd , Putalisadak Kathmandu
4. Kathmandu Institute of Hospitality and Management (KIHM), Kupandol 10

**प्रस्ताव पेश गर्ने समय र स्थान**

स्थान: पाँचखाल नगरपालिकाको कार्यालय

समय: २०८१/०१/२८ दिनको ठीक १४:०० बजे

सम्पर्क: ०११-४९९५१, E-mail:- info@panchkhalmun.gov.np



निक्षेपउपर हकदावी गर्ने सम्बन्धी